वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आक वेल्डिङ,क्लिनर, स्टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्वर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित
आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४९२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक ८४ ○श्रेणी 'क' ○२०७२ पुस ९ गते बिहीबार ○ 23 Dec. 2015 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

खुशीको खबर !!!
योग निद्रा सिकेर आफूलाई रोगमुक्त राख्नुहोस् ।
नेपाल र पोखरामा पहिलो पटक ।
शरीर मन र आत्माको जुनसुकै रोग निवारण हुन्छ ।
शुल्क मात्र रु.१०००।- मात्र आफैं आफूलाई रोगमुक्त गराउने एकमात्र ।
सिक्नुहोस्, सिक्नुहोस्, सिक्नुहोस्...र रोगमुक्त हुनुहोस् ।
मोवाइल : ९८१६१०२२१६

थापाको चीन भ्रमण:आर्थिक समृद्धि, पारस्परिक सहयोग एवं सद्भाव प्रवर्द्धनको अवसर

शरच्चन्द्र भण्डारी
पोखरा ८ पुस ।

मुलुकका सर्वोच्च कूटनीतिज्ञ उपप्रधानमन्त्री एवम् परराष्ट्रमन्त्री कमल थापाको आजदेखि प्रारम्भ हुने छ दिवसीय चीनको औपचारिक भ्रमण राष्ट्रको आर्थिक समृद्धि, पारस्परिक सहयोग विस्तार एवम् सद्भाव प्रवर्द्धनमा केन्द्रित हुनुपर्ने महसुस आम नेपाली जनताले गरेका छन् । आर्थिक विकासको बाटोमा लम्कन लागेको नेपाल र विश्व अर्थतन्त्रको मियो बनेको चीनबीच भौतिक, सामाजिक, सांस्कृतिक एवम् आर्थिक सहयोग आदानप्रदानबाट सहकार्य एवम् सहयात्रा गर्दै समुन्नत राष्ट्र निर्माणको पथमा अग्रसर हुन मन्त्री थापाको यो भ्रमणलाई विशेष महत्वका साथ हेरिएको छ ।

परराष्ट्रमन्त्रीको कार्यभार सम्हालेपछि व्यक्तिगत तहमा चिनियाँ राजनीतिक नेतृत्वसँग सम्बन्ध र सम्पर्क स्थापित गर्ने नियमित कूटनीति सञ्चालनको कडीका रुपमा पनि यो भ्रमणलाई हेर्नुपर्छ । नेपाल र चीनबीच कूटनीतिक सम्बन्ध स्थापानाको ६० औं वर्ष परेको सन्दर्भसँगै दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क)को पर्यवेक्षक मुलुक चीनसँगको नेपालको बहुआयामिक सम्बन्धलाई अझ सुमधुर एवम् सुदृढ तुल्याउन र दुई देशका जनताका बृहत्तर हितमा केन्द्रित हुने भएकाले भ्रमणको महत्ता र गरिमा अझ बढेको छ । संविधानसभाबाट नयाँ संविधान जारी भएसँगै मुलुक नयाँ राजनीतिक परिपाटीमा प्रवेश गरेको बेला उत्तरको छिमेकीलाई नयाँ संविधानका विशेषता, नेपालको चौतर्फी विकासका दीर्घकालीन रणनीति, प्राथमिकता र दृष्टिकोणबारे जानकारी गराउन उपप्रधानमन्त्री तहको यो भ्रमणको कूटनीतिक महत्व पनि उत्तिकै छ ।

मुलुकको परराष्ट्रमन्त्रीका रुपमा संविधान निर्माणपछिको नेपालका विकास प्राथमिकता र आर्थिक उन्नयनका विषयमा विश्व समुदायलाई जनाकारी गराउने र त्यसनिम्ति बाह्य सहयोग जुटाउने गहन अभिभारा पूरा गर्ने सिलसिलामा बेलायत र भारतको भ्रमण गरी ती मुलुकका उच्च राजनीतिक नेतृत्वका साथै त्यहाँका नीति निर्मातासँग सम्बन्ध नवीकरण भइसकेपछि छिमेकी चीनसँग आपसी लाभका क्षेत्रहरूमा पारस्परिक सहयोग र सहकार्यका अवसर पहिल्याउन उनको बेइजिङतर्फको यात्रालाई सामयिक मान्नुपर्छ । आर्थिक एवम् व्यापारिक सम्बन्ध सुदृढीकरण, इन्धनलगायत वस्तुको व्यापार र अन्य उत्पादनको विविधकरण राष्ट्रिय नीतिका रुपमा सरकारले अङ्गीकार गरेको वर्तमान अवस्थामा मुलुकको राष्ट्रिय स्वार्थलाई केन्द्रमा राखेर आपसी सहयोग र लगानी वृद्धि, आर्थिक समृद्धिको बाहक पूर्वाधार निर्माणमा चिनियाँ सहयोगको खोजी, जारी विकास परियोजना निर्धारित समयमा पूरा गर्न नेपाल सरकारका तर्फबाट कुनै कसर नाराखिने र थप विकासका आयोजना भित्र्याउने विषय यो भ्रमणका प्रमुख मुद्दा हुनुपर्छ । पेट्रोलियम पदार्थको दीर्घकालीन र व्यावसायिक आपूर्तिको व्यवस्थासहित व्यापार, वाणिज्य एवम् पारवहन सम्झौतालाई मूर्तरुप दिन उपप्रधान मन्त्री नेतृत्वको प्रतिनिधिमण्डलले भरमग्दुर प्रयास गर्नैपर्छ ।

भारतविरुद्ध चीन र चीन विपक्षमा भारतीय 'कार्ड' नेपालले कहिल्यै प्रयोग गर्दैन र दुबै छिमेकीसँग सन्तुलित सम्बन्ध कायम राख्ने नेपालको चाहना सशक्त ढङ्गले अभिव्यक्त गर्दै परिपक्व, प्रभावकारी कूटनीति सञ्चालनका माध्यमबाट भारत र चीनसँग समान महत्व र प्राथमिकताका साथ कूटनीतिक संवाद गर्ने अवसरका रुपमा यो भ्रमणलाई उपयोग गर्नैपर्छ ।

दीर्घकालीन रुपमा विश्वासिलो, भरपर्दो र रणनीतिक साझेदार भएर बेइजिङसँग सहकार्य गर्नेमा दृढ विश्वाससँगै पूर्णरुपेण उसलाई आश्वस्त तुल्याउन सकेमा हाम्रा विकासका आकांक्षा र चिनियाँ चाहना परिपूर्ति गर्न सहज हुनेछ । पछिल्लो समयमा क्रमश: सुमधुर भइरहेको बेइजिङ र नयाँदिल्ली बीचको सम्बन्धलाई थप उचाइ प्रदान गर्न भारत र चीनबीच रणनीतिक उपस्थिति बनाएको नेपालले त्रिदेशीय सहयोग विस्तारको गतिशील सेतुको रुपमा आफूलाई प्रस्तुत गर्दै आर्थिक समृद्धि हासिल गर्ने लक्ष्यमा नै अर्जुनदृष्टि लगानुपर्छ । चीन, भारत र नेपालले आफ्ना धरातलीय यथार्थ बुझेका छन् र तिनवटै मुलुकले राष्ट्रिय स्वार्थलाई सर्वोपरि मानेर काम गर्दै आएका छन् ।

दक्षिणी सीमा क्षेत्रमा जारी अवरोध, तराई मधेस आन्दोलनजस्ता नेपालका आन्तरिक समस्या समाधानमा सरकारले गरेका प्रयास र दलीय परामर्श एवम् संवादबाटै तिनलाई हल गर्ने सन्देशसँगै मुलुकको अपार जलस्रोतको उपयोगमा चिनियाँ लगानीको खोजी, द्विपक्षीय लगानी संरक्षण तथा प्रवर्द्धन सम्झौता (बिप्पा)रसुवागढी(केरुङ, तातोपानी(खासा नाकासँगै सङ्खुवासभाको किमाथाङ्का, मुस्ताङको कोरला, हुम्लाको हिल्सा, दार्चुलाको टिङ्कर र बझाङको ताक्लाकोट नाका सञ्चालनलाई पनि नेपालले प्राथमिकताका साथ उठाउनु पनि भ्रमणको कार्यसूची हुनुपर्छ ।

गत वैशाखको भूकम्पले तहसनहस पारेको मुलुकको अर्थतन्त्रको पुनरुत्थान,झण्डै तीन महिनादेखि भारतद्वारा जारी अघोषित नाकाबन्दीले अत्यन्त कष्टकर बनेको जनजीवनलाई सामान्य तुल्याउन चीनबाट नैतिक, भौतिक एवम् आर्थिक सहयोग जुटाउन यो भ्रमण केन्द्रित हुनुपर्ने अभिमत सारा नेपालीबाट व्यक्त भएको छ । नेपाली जनताले उपप्रधान मन्त्रीको यो भ्रमणलाई ठूलो आशा र भरोसाका साथ हेरेका छन्-आफ्ना दु:खका दिनका अन्त्यका निम्ति । भारतको पछिल्लो व्यवहारबाट नेपालमा सिर्जित समस्याको निकास खोज्न वा भारतको विकल्प चीन हुनसक्छ भन्ने भावनाबाट प्रेरित भएर यो भ्रमण हुन लागेको होइन र त्यसलाई आम नेपालीले त्यसरी बुझ्न पनि हुँदैन । भारतको विकल्प चीन हुन सक्दैन र न त चीनको विकल्प भारत नै ।

भौगोलिक अवस्थितिका कारण दक्षिणतर्फ हाम्रा व्यापारिक एवम् व्यावसायिक गतिविधि जति सहजरुपमा सञ्चालन हुनसक्छन् उत्तरको छिमेकीसँग त्यसरी हुनसक्दैनन् भन्ने वास्तविकता पनि हामीले बिर्सन मिल्दैन । त्यसो भन्दैमा दक्षिणको छिमेकीसँग मात्र निर्भर हुने भन्ने होइन चारै दिशाका नाका हामीले खोल्नैपर्छ(भौगोलिक अवरोध र व्यवधानलाई पन्छाउँदै ।आक्रोश, प्रतिशोध र प्रतिक्रियाबाट कूटनीति सञ्चालन हुँदैन भन्ने यथार्थ सबैले बुझ्नैपर्छ । शान्त कूटनीति अवलम्बन गर्दै भारत र चीनसँग नेपालले सन्तुलित सम्बन्ध कायम गर्नैपर्छ । मन्त्री थापासँग जादूको छडी छैन र मुलुकले झेल्नु परेको अहिलेको असहज परिस्थितिबाट चीनले तत्काल हामीलाई मुक्त गर्छ भन्ने सोच पनि हामीले राख्नु हुँदैन । भारत र चीनले हासिल गरेको आर्थिक विकासबाट लाभान्वित हुनेतर्फ हाम्रा गतिविधि सुझवुझपूर्ण रुपमा सञ्चालित हुन उत्तिकै जरुरी छ ।

समस्यारहित नेपाल र चीनबीचको परापूर्व कालदेखिको असल सम्बन्ध सहयोगात्मक एवम् सुमधुर छ । सुखदु:खको विश्वासिलो र भरपर्दो छिमेकी चीनले नेपाललाई उच्च प्राथमिकतामा राखेर तदनुरुप व्यवहार पनि गर्दै आएको छ । नेपालप्रति चीनको अगाध सद्भाव छ र दुवै देशले एक अर्काका अपेक्षा, चासो एवम् सुरक्षा संवेदनशीलता बुझेका छन् ।

'एक चीन नीति' प्रतिको नेपालको दृढ अडानको प्रतिफल नेपालले निरन्तर प्राप्त गर्दै आएको छ । बेइजिङले नेपालका विकासका आवश्यकता बुझेर पूर्वाधार विकासका क्षेत्रमा ठूलो लगानी गरेको छ । आर्थिक विकासको मेरुदण्डका रुपमा रहेको नेपालको पर्यटन प्रवर्द्धनमा पनि बेइजिङले सक्दो सहयोग गर्दै आफ्ना नागरिकलाई नेपाल भ्रमणमा प्रोत्साहन गरिरहेको छ ।

सन् २०३० सम्ममा एक करोड चिनियाँ बाह्य मुलुकको भ्रमणमा निस्कने र त्यसको केही हिस्सामात्र नेपाल आए पनि नेपालको

बाँकी ३ पृष्ठमा......

पेट्रोल र ग्यास वितरण हुने

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

कास्कीमा आज बिहीवार चारपांग्रे र भोलि शुक्रवार दुई पांग्रे सवारीलाई पेट्रोल बितरण गरिने भएको छ । जिल्ला आपूर्ति समितिका अनुसार बिहिवार पोखरा र लेखनाथका १६ पम्पबाट चारपांग्रे सवारीलाई पेट्रोल बितरण गर्न लागिएको हो । चारपांग्रे सवारीलाई निजि, सार्वजनिक, संस्थान, सरकारी एवं पर्यटक नम्बर ल्लेटको आधारमा ७२ हजार लिटर पेट्रोल बितरण गर्न लागिएको हो । चारपांग्रे सवारीलाई १५ सय रुपैयाँ बराबरको पेट्रोल दिईनेछ । त्यस्तै शुक्रवार दुई पांग्रे सवारीलाई पेट्रोल बितरण गरिने छ । जिल्ला आपूर्ति समितिका अनुसार जोर बिजोरको आधारमा मोटरसाईकल र स्कुटरलाई पेट्रोल बितरण गर्न लागिएको हो ।

समितिका अनुसार पोखरा र लेखनाथका २९ पम्पबाट एक लाख २२ हजार लिटर पेट्रोल बितरण गर्न लागिएको हो । समितिका अनुसार मोटरसाईकललाई ५ सय र स्कुटरलाई ४ सय रुपैया बराबरको पेट्रोल बितरण गरिनेछ । बितरण विहान ८ बजेदेखि सुरुहुने बताईएको छ । भाडा र ग्यालिनमा पेट्रोल नदिईने समितिले स्पष्ट पारेको छ ।

यसैबीच बिहीबार पोखराका विभिन्न स्थानबाट गृहलक्ष्मी ग्यास वितरण हुने भएको छ । पोखराका विभिन्न १७ वटा डिपोबाट ग्यास वितरण हुने बताइन्छ । ग्यास वितरण हुने डिपोहरुमा कृष्ण सप्लायर्स फलेपाटन, कोने गुरुङ्ग, रामबजार लक्ष्मी जनरल रानीपौवा, आकृति अविरल स्टोर्स पर्स्याङ्ग, युवराज प्रोभिजन अर्चलवोट, अनिश ग्यास सप्लायर्स सिमलचौर, रानाभाट सप्लायर्स शिवालयचोक,भण्डारी ट्रेडर्स जरेवर, भक्तगोरी सप्लायर्स जिरो कि.मि., डि.एन आर.ट्रेडर्स लेकसाइड, सुरेन्द्र ट्रेडर्स, पृथ्वीचोक इमान इच्छा सप्लायर्स बगर, बानियाँ ट्रेडर्स लामाचौर, सन्तोष फुड्स छोरेपाटन, गरिमा सप्लायर्स विरौटा, भक्त गौरी सप्लायर्स टुडिखेल, एस एण्ड ए ट्रेडर्स मुस्ताङ्गचोक रहेका छन ।

सूचना हाम्रो अधिकार
सुशासन र विकासको आधार
लोकतन्त्रको अधिकार, सूचनाको अधिकार ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

तुरुन्त आवश्यकता

पोखराको चिप्लेढुङ्गा, मानवअधिकारचोकमा संचालित चिनारी थकाली भान्छाघरका लागि निम्न कर्मचारी आवश्यक परेकाले ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला ।

क्र.सं.	पद	संख्या
१.	वेटर	केही
२.	डिसवासर	केही

पारिश्रमिक : आकर्षक तथा आपसी समझदारीमा

सम्पर्क : **चिनारी थकाली भान्छाघर**
मानवअधिकारचोक, चिप्लेढुंगा, पोखरा
फोन : ०६१-५२६३०९

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ नै किन ?
- तपाईले खोजेका कुनैपनि गुणस्तरीय ब्राण्डका कपडाहरुका लागि,
- तपाईले भनेको समयमा आकर्षक एवम् गुणस्तरीय सिलाईका लागि,
- आकर्षक तथा आधुनिक डिजाइनका लागि,
- आकर्षक कोटका लागि गुणस्तरीय पेस्टिङ मेशिन प्रयोग गरिने,
- सहीको मापा, सद्भाव र विश्वासको निरन्तरताको लागि,
- अर्डर बमोजिम अफिस, बैंक, कलेज, स्कूल र विद्यालयका सम्पूर्ण पोशाकका लागि ।

बबिन टेलरिङ्ग सटिङ्ग एण्ड सुटिङ्ग

शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी काठमाडौका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा

के तपाई लामो समयदेखि सुगर प्रेसरको समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यही रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच : २०७२ पुस ११ गते शनिबार
समय : विहान ९ बजेदेखि ३ बजेसम्म

सम्पर्क :
परिचित मेडिकल हल
पालिसोचोक, पोखरा, फोन : ९८४६०४१४९४

कोरियन भाषामा भर्ना खुल्यो

नेपाल सरकारबाट कोरिया भाषाको स्वीकृति प्राप्त प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूटमा कोरियामा ५ वर्ष बसी कोरियन भाषाको व्याकरण र उच्चारण विधि अध्ययन गरेर आउनुभएका ख्यातिप्राप्त शिक्षकद्वारा अडियो तथा भिडियो माध्यमबाट EPS-TOPIK कोर्ष अध्यापन गराइन्छ ।

ग्रुपमा आउनेलाई विशेष छुट

सम्पर्क
प्रेम कोरियन ल्याङ्ग्वेज इन्स्टिच्यूट
न्यूरोड, पोखरा (पूर्णिमा हल अगाडि, मेट्रो डेभलपमेन्ट बैंकसगै)
फोन : ०६१-५२०८५२, ९८१७१४४६३३, ९८४६०७७६१९

गुदद्वार (पायल्स) का विरामीहरुको उपचार सेवा !

यहि पौष १० र ११ गते

काठमाडौका **बरिष्ठ गुदद्वार (पायल्स) क्षार सुत्र विज्ञ डा. हरि शरण अर्याल** आउनुहुने भएकोले **पायल्स तथा गुदद्वार**मा कुनै पनि नयाँ तथा पुराना समस्या भएका विरामीहरुले सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला ।

परिक्षण गरिने समस्याहरु :
- दिशा गर्न गाह्रो हुने, दिशा गर्दा रगत आउने, दिशा राम्रोसँग नखुल्ने, गुदद्वार दुख्ने, पोल्ने, चिलाउने ।
- गुदद्वारमा मासु पलाएको, फाटेको, पिप आउने, घाउ पिलो भए जस्तो हुने, दिशा गर्दा मासु बाहिर आउने ।
- गुदद्वार चिलाउने, पोल्ने, दिशा गरिसकेपछि दुख्ने ।
- पायल्स, फिस्टुला, फिसरको अप्रेशन पछि पनि समस्या भएका हुने ।
- गुदद्वारमा बढेको मासु पुन नदोहोरिने गरी बिना अप्रेशन निकाल्ने व्यवस्था ।
- हस्पिटलमा भर्ना भएर बस्नु नपर्ने । चिल्लो माछा मासु खाँदा पनि उपचार पछि समस्या नहुने ।

समय विहान : विहान ८.०० बजेबाट बेलुका ५.०० बजेसम्म (फोनबाट पनि नाम दर्ता गराउन सकिनेछ ।

पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रचोक पोखरा रंगशाला २ नं. गेट नजिकै (आरोग्यधाम हस्पिटल सँगै)
फोन नं. ०६१-४३२२४२, ४३०२४२, ९८५६०२६७५०

नयाँ भर्ना सम्बन्धी सूचना !!!

नेपाल सरकार तथा सि.टि.ई.भि.टि.बाट मान्यता प्राप्त यस **हिमालयन कलेज अफ् हस्पिटालिटी म्यानेजमेण्ट**मा **१८ महिने डिप्लोमा** तहमा तल दिइएका विभिन्न विषयहरुमा जनवरी शत्रका लागि नयाँ भर्ना खुलेको सम्बन्धित सबैमा जानकारी गराउँछौं।

क्र.सं.	विषय	कक्षा संचालन
१.	[illegible]	[illegible]
२.	[illegible]	[illegible]
३.	[illegible]	[illegible]

हाम्रा विशेषताहरु:
१. स्वदेश तथा विदेशमा अध्ययन गरि लामो समय विभिन्न राष्ट्रिय अन्तर्राष्ट्रिय होटलहरुमा काम गरि सकेका शिक्षक तथा प्रशिक्षकहरुद्वारा अध्यापन तथा प्रशिक्षण गराईने।
२. अत्याधुनिक प्रयोगशाला तथा सामाग्री प्रयोग गरि प्रशिक्षण गराइने।
३. समय समयमा स्वीट्जरल्याण्ड बाट विज्ञहरु ल्याई शिक्षण तथा प्रशिक्षण गराइने।
४. नेपालका विभिन्न होटलहरु तथा चीन, मलेशिया, भारत, श्रीलंका तथा थाइल्याण्डमा छ महिने Paid Internship तथा जागिरको ग्यारेण्टी गरिने।

विस्तृत जानकारीको लागि:
हिमालयन कलेज अफ् हस्पिटालिटी म्यानेजमेण्ट
महेन्द्रपुल (छोरेपाटन बस स्टप सगै), पोखरा, फोन: ०६१-५२१२५९ तथा मो.९८४६०७९११७

■ अरुको भनाइ अनुसार सधैं नचल। आफ्नो निर्णयलाई गुरु मान। अरुको बाटोमा हिंड्ने मानिस कहिल्यै उच्च कोटिमा पुग्न सक्दैन। - **सेक्सपियर**

सम्पादकीय . .

गतिरोध हटाउन ढिलाइ नगर

पछिल्लो समयमा सरकारले गरेका निर्णय, भारतीय सरकारको स्वागत र मंगलवार नेपालको पराराष्ट्र मन्त्रालयको विज्ञप्ति हेर्दा अव तराई-मधेसमा चलिरहेको आन्दोलन र भारतले लगाएको नाकाबन्दी सृर्जित समस्या समाधान हुन सक्ने प्रारम्भिक संकेतहरू देखापरेका छन । तर, मधेसी मोर्चाको अस्विकृतले ठोस सहमति नहुन्जेल धेरै यसै हुन्छ भन्न सकिने अवस्था पनि छैन । अब प्रमुख दलहरू, सरकार र आन्दोलनरत पक्षले आमनागरिकले भोग्नु परेको दुःख र पीडालाई दृष्टिगत गर्दै सार्थक संवादको बाटोबाट राजनीतिक गतिरोध हटाउन ढिलाइ गर्नुहुदैन । नेपालभित्र बन्न थालेको वार्ताको वातावरणलाई दक्षिणी छिमेकी भारतले सोमवार सकारात्मक रूपमा लिएको जुन सन्देश दिएको छ, त्यसलाई सार्थक रुप दिन उसले नाकाबन्दी तत्काल फिर्ता लिनु पर्दछ । भारतले लगाएको नाकावन्दी फिर्ता लियो भने मात्र उसले आफ्नो बदलिँदो नीतिप्रति नेपाललाई विश्वस्त बनाउन सक्नेछ । वास्तवमा लामो समय लगाएर तीन प्रमुख दलले तय गरेको साझा अवधारणालाई मन्त्रिपरिषदद्वारा आइतबार अनुमोदन गरिनु, सोमबार सरकार र प्रमुख प्रतिपक्षी दलले मधेसी मोर्चासँग गरेको छुट्टाछुट्टै छलफल, परराष्ट्रमन्त्रीको भारतीय समकक्षीसँग भएको फोनवार्ता अनि भारत सरकारले नेपाली प्रयत्नको सार्वजनिक रूपमा गरेको स्वागत र परराष्ट्र मन्त्रालयले मंगलवार जारी गरेको उत्साहजनक विज्ञप्ति लगायत पछिल्ला घटनाक्रम सकारात्मक देखिएका छन । यसअघि संविधान संशोधन गर्ने विधेयक संसदमा पेस गरिएको र मधेस केन्द्रित दलहरूसँग गम्भीर वार्ता गर्न व्यवस्थापिका-संसद पाँच दिनका लागि रोकिएको पृष्ठभूमिमा पनि नयाँ माहोल बन्न थालेको आभास हुन्छ । राज्यका निकायहरूमा समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्ने र संविधान प्रारम्भ हुँदा कायम रहेका प्रत्येक जिल्लामा कम्तिमा एक निर्वाचन क्षेत्र कायम रहने गरी जनसंख्याका आधारमा त्यसको निर्धारण गर्ने गरी संविधान संशोधनको प्रस्ताव सरकारले अगाडि बढाएको छ, यो पनि वार्ताका लागि सकारात्मक पक्ष हो । मधेसी दलहरूले आन्दोलन थालेको चार महिना पुगिसकेको छ र यसबीचमा ५० जना नेपाली नागरिकको ज्यान गइसकेको छ । कुनै पनि राजनीतिक आन्दोलन अन्त्यहीन अभियान हुन सक्दैन, यसको जतिसक्दो चाँडो सम्मानजनक समाप्ति सबैको हितमा हुन्छ । मधेस आन्दोलनका सन्दर्भमा पछिल्ला दिनमा देखिन थालेका अतिवादी संकेतहरू चिन्ताजनक छन । खासगरी जनकपुर, रौतहट, सर्लाही, वीरगन्जलगायतका क्षेत्रमा तनाव बढ्नुका साथै जनधनको थप क्षति भएको छ । प्रदर्शनकारीका तर्फबाट आगजनी, पेट्रोल बम प्रहारजस्ता हिंसात्मक क्रियाकलाप जसरी बढ्न थालेको छ, आन्दोलन नियन्त्रणबाहिर जान सक्ने पूर्वसंकेतलाई मधेसी नेतृत्वले समयमै ठम्याउन सक्नुपर्छ । सरकारले पनि बल प्रयोगको कार्बाहीलाई होइन, राजनीतिक समाधानलाई नै केन्द्रमा राख्नुपर्छ । दुवै पक्ष गम्भिर भएर वार्तामा वस्न जरुरी छ । समाधानमुखी कदम चालेर राष्ट्रलाई कसरी राहत दिने भन्नेमा राजनीतिक नेतृत्व प्रष्ट हुनुपर्छ । वार्ताको टेबलमा संवाद गरेर जिम्मेवार राजनीतिक शक्तिको भूमिका निर्वाह गर्नुपर्छ । अव दुवै पक्ष लचिलो भई राजनीतिक समाधान खोज्नेमै आफ्नो ध्यान केन्द्रित गर्नुपर्छ ।

आजको पञ्चाङ्ग

मिति २०७२ साल पौष ९ गते बिहीबार, तदनुसार दिसाम्बर २४ सन् २०१५, श्रीशाके १९३७, नेपाल संवत् ११३६, कीलकनामक: संवत्सर:, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । हेमन्त ऋतु चलिरहेको छ । चान्द्रमान अनुसार मार्गशीर्षशुक्लपक्ष चलिरहेको छ । सौरमान अनुसार आज मार्गशीर्षशुक्लपक्षको चतुर्दशी तिथि ३१ घटि ४५ पला अर्थात रातिमा ७ बजेर ३४ मिनेटसम्म त्यसउप्रान्त पूर्णिमा तिथि लाग्नेछ । आज सूर्य धनु राशिमा, चन्द्रमा वृष राशिमा अहोरात्र रहनेछ । आज दिनमान २५ घटि ५० पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ६ बजेर ५३ मिनेटमा रावण मुहूर्तमा हुनेछ भने सूर्यास्त साझ ५ बजेर १२ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : सबै क्षेत्रबाट लाभ पाइन सक्ने, नविन कार्यको थालनी गर्दा राम्रो, आफन्तसंग भेट, दिन शुभ रहेको छ ।
वृष : आँटेजति काम गर्न असफल, अफन्तबाट विरोध आउनेछ, व्यापारमा मन्दी आउने, दिन सामान्य रहनेछ ।
मिथुन : आफन्त जनसंग मनमुटाव हुन सक्ला, मन चञ्चल, पेट वा कम्मरको रोग लाग्ने, चिन्ता पर्ने खवर प्राप्त होला ।
कर्कट : गर्न खोजेको काम विफल शुनेछन, मनमा असान्ति छाउने, स्वास्थ्यमा एक्कासी गडबढी आउन सक्नेछ ।
सिंह : यश कृति बढ्ने, शतुमाथि विजय हासिल, घरमा नयाँ मान्छेको आगामन, दिन सुखद्, समय महत्वपूर्ण रहनेछ ।
कन्या : आदरसत्कार पाइने, नयाँ क्षेत्रमा गरेको लगानीबाट मनग्य आम्दानी, दिन अत्यन्त राम्रो छ उपयोग गर्नुहोला ।
तुला : विरोधीहरु सक्रिय हुनेछन्, अपजस आईलाग्ने, अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ छैन चनाखो रहनुहोला ।
वृश्चिक : मानसिक पीडा थपिने, मानहानी, आफन्त बाट धोका, आम्दानीका श्रोतहरु घट्नेछन् नआतिनु होला ।
धनु : टाढाबाट धन प्राप्त हुन सक्नेछ, प्रियतम भटघाट हुनेछ, धार्मिक क्षेत्रबाट लाभ पाइनेछ, स्वास्थ्य राम्रो रहेछ ।
मकर : चोटपटकको भय, टाढाको यात्रा असफल हुनेछ, नास्तिक विचारले सताउनेछ, समय खराव रहेको छ ।
कुम्भ : पारिवारिक जमघट बढ्ने, राजनैतिक क्षेत्रमा सफलता, गरेको प्रयास सार्थक रहनेछ दिन शुभ रहनेछ ।
मीन : सरकारी कार्य असफल हुन सक्छ, मुद्दा मामिलामा हात नहाल्नुहोला, इज्जतमा आँच आउन सक्नेछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

गुद्धद्वारका रोग: पायल्स, फिस्टुला र क्षारसूत्र उपचार

छारसूत्र र पायल्स के हो ? यो कस्तो समस्या हो ? यो समस्याका कारण धेरै नागरिकले दु:ख पाउने गरेका छन् भने कतिपयको अल्पायूमै मृत्यु हुने गरेको छ। यो रोग सुन्दैमा डर लाग्ने खालको हुन्छ। यो रोगको निदान र सफल उपचारका लागि लामो समयदेखि पोखराको पञ्चम आयुर्वेद क्लिनिक, ईन्द्रचोकले सेवा गर्दै आइरहेको छ भने धेरै रोगीहरुको सफलतापूर्वक उपचार गरिरहेको छ। पञ्चम क्लिनिकले काठमाडौंबाट विशिष्ठ चिकिल्सक बोलाएर पोखरा लगायत आसपासका नागरिकको समस्या समाधान गर्दै आइरहेको छ। क्लिनिकले यहि पुस १० र ११ गते पनि पायल्सका रोगीहरुको उपचारका लागि जमर्को गरेको छ। उक्त उपचारका लागि काठमाडौंबाट सिनियर चिकित्सक तथा क्षारसूत्र विज्ञ डा. हरिशरण अर्याल पोखरा आउँदै हुनुहुन्छ। पायल्स तथा छारसूत्र विज्ञ डा. अर्यालसंग केही समयअघि गरिएको कुराकानीको सम्पादित अंशहरु यहाँ प्रस्तुत छ :

डा. हरिशरण अर्याल

❖क्षारसूत्र २ वटा शब्दहरु मिलेर बनेको छ । जसमा क्षार भनेको अल्काली हो भने सूत्र भनेको धागो हो । विशेष प्रकारले क्षारको निर्माण गरिन्छ । यहि क्षारलाई प्रयोग गरेर सिउँडीको चोप लगाई बनाईएको बिशेष प्रकारको धागोलाई क्षारसूत्र भनिन्छ । यसले नरम किसिमको मासुलाई काट्ने गर्दछ । यहि धागोको प्रयोगबाट गरिने उपचार विधिलाई नै क्षारसूत्र विधि भनिन्छ । पाईल्स,फिस्टुला बाहेक पुरानो घाउहरुमा पनि यसको प्रयोग गरिन्छ । पाईल्स (अर्श वाबबासिर):यस्तो रोग हो जसमा दिसा गर्न गाह्रो हुने, दिसा गर्दा रगत आउने, मासुको डल्ला बाहिर निस्कने आदि हुन्छ । विशेष गरी कार्यव्यस्तताका साथै बिभिन्न कारणले दिशा लामो समयसम्म रोक्ने, लामो समय सम्मदिशा बस्ने तथा दिसा कब्जियत हुने कारणले गर्दा नै यो रोग लाग्ने सम्भावना बढी हुनसक्छ । बुझ्दा सामान्य बुझिने पाईल्स चार प्रकारका हुन्छन् ।

प्रथम चरण : यस अवस्थामा दिशाा गर्दा मासुको डल्ला बाहिर आउँदैन तर रगत बग्ने र दुखाई भने हुने गर्दछ । यस अवस्थामा रहेको पाईल्सलाई औषधिद्वारा निको पार्न सकिन्छ ।

दोस्रो चरण : यो अवस्थामा दिशा गर्दा मासुको डल्ला बाहिर आउँछ र दिशा गरिसकेपछि आफैं भित्र जान्छ यसका साथै दुख्ने अनि रगत आउने समेत हुन्छ । यो अवस्थासम्म पनि लामो समयसम्म औषधि सेवन गरि निको पार्न सकिन्छ ।

तेस्रो चरण : यस चरणमा दिशागर्दा मासुको डल्ला बाहिर आउँछ र आफैं भित्र नगई औलाले धकेलेर भित्र पठाउनुपर्ने हुन्छ । यसका साथै बढी मात्रामा दुख्ने अनि रगत बग्ने हुन्छ । यस अवस्थासम्म आईपुगेको पाईल्स औषधिले निको नहुने भएकाले क्षारसूत्र विधिबाटनै उपचार गर्नुपर्ने हुन्छ ।

चौथो चरण : यस चरणमा मासुको डल्ला बाहिरनै बसिरहन्छ साथै अत्याधिक दुखाई र रगत बग्ने हुन्छ । समयमै उपचार नगर्दा मासुको डल्ला कुहिन थाल्दछ र संक्रमण सम्पूर्ण शरीरमा फैलिएर मान्छेको मृत्यु पनि हुन्छ । यो रोग १ देखि २ प्रतिशतसम्म क्यान्सरमा परिणत हुने गरेको पाईएको छ भने यो रोगको अप्रेशन गरेका बिरामीहरुमा ३० देखि ४० प्रतिशतसम्म दोहोरिएको पाईएको छ । तर क्षार सूत्र विधिबाट उपचार गरेको बिरामीहरुमा भने १ प्रतिशत भन्दा पनि कम मात्र दोहोरिने देखिएको छ । यदि समयमै उपचार गरेमा यो रोगबाट सजिलै मुक्तहुन सकिन्छ । पाईल्स रोग भएका बिरामीले दिसा सजिलै खुलाउने खालका खानेकूराहरु खाने, दिशा रोकेर नबस्ने, गरम मसला, मरिच र पिरो खानेकुराहरु नखाने, माछा मासुहरु कमखाने, पखाला लागिरहनाले, दिसा कब्जियत हुनाले, दिसागर्ने ठाउँको वर परको रौं तानिएर दिसागर्ने ठाउँको भित्र भएका ग्रन्थिहरुमा सङ्क्रमण भएको कारणले यो रोग लाग्दछ । यो सामान्य रुपमा एक व्यक्तिमा एउटा हुने तर कसै-कसैमा धेरै पनि हुने गरेको पाइन्छ । मानीसको दिसागर्ने ठाउँको भित्र ८ वटा ग्रन्थीहरु हुन्छन् जसको सङ्क्रमण एकै पटक भयो भने ८ वटै फिस्टुलाहरु पनिआउन सक्छन् ।

लक्षणहरु : दिसागर्ने ठाउँको वर पर वान जिकमा खटिरा आउँछ र अत्यन्त दुखाई हुनुको साथै केहि समय पछि त्यो खटिरा पाकेर गन्हाउने पिप बग्न थाल्दछ पिप बगेपछि सन्चो भए जस्तो त हुन्छ तर केहि समय पछि फेरी पाक्ने र दुखाई हुने निरन्तर भइरहन्छ । पछि यो पुरानो भएपछि पुरै भाग सुन्निएर आउँछ । यो रोग लागिसकेपछि अरु रोगहरुसंग अलग गर्न परीक्षण गर्नुपर्ने हुन्छ । यसको लागि सामान्य रुपमा हेरेर तथा प्रोटोस्कोपबाट हेरेर पनि केहि कुरा थाहा पाउन सकिन्छ । यसको उपचारमा कति माथि भित्र पट्टि अर्को प्वाल खुलेको छ भन्ने थाहा पाउनु जरुरी हुन्छ । कहिले काहि प्रोटोस्कोपबाट हेर्दै बाहिरको प्वालबाट औषधि पठाउदा पनि भित्रको प्वाल देखिएन भने फिस्टुलो ग्राम गर्नु पर्दछ । कहिले काहीं धेरै फिस्टुला भएको व्यक्तिमाक्षयरोग तथा क्यान्सर छ कि भनेर मासुकाटेर वायोप्सि पनि गर्नुपर्ने हुनसक्छ ।

यो रोग औषधिले निको हुँदैन यसलाई क्षारसूत्र विधिबाट उपचार गर्दा दोहोरिने सम्भावना रहँदैन र अरु जटिलता पनि आउँदैन । यस रोगका लागि सर्वाधिक गरिने अप्रेसन गर्दा ७० देखि ८० प्रतिशत मानिसमा दोहोरिने तथा दिसा रोक्न नसक्ने दिसा खुस्कने समस्या देखिएको पाइन्छ । तर क्षारसूत्रबाट उपचार गर्दा अहिलेसम्म त्यस्ता समस्याहरु देखिएका छैनन् । यदि यो रोगको समयमा उपचार गरिएन भने क्यान्सर भई ज्यान नै जाने खतरा पनि हुन सक्छ ।

फिसर : सामान्य भाषामा धाँजा फाट्ने वा चिरिने समस्यालाई फिसर भनिन्छ । यदि यो समस्या दिसा गर्ने ठाउँको आसपासमा भएमा यसलाई फिसर इन एनो (Fissure in Ano) भनिन्छ । त्यसैले दिसागर्ने ठाउँमा बन्ने घाउ जुन बढी पीडादायक हुन्छ त्यसलाइ नै फिसर भनिन्छ । लामो समयसम्म दिसा रोकेर बस्ने अनि एकै पटक साह्रो दिसा गर्नाले यो रोग लाग्दछ । पानीको कमी, खानामा सागपातको कमी, धेरै मात्रामा माछा मासु तथा गेडागुडी सेवन गर्नाले पनि दिसा कब्जियत हुन गई फिसर रोग लाग्दछ । यो रोग लागेपछि दिसागर्ने ठाउँमा घाउ बन्दछ जसबाट रगत बग्ने समस्या हुन्छ र दिसागर्दा अत्याधिक पीडा हुन्छ । भने केहि समय पछि घाउको नजिकबाट सानो मासु पलाउने पनि हुन जान्छ ।

यो रोग लाग्न नदिनका लागि नियमित रुपमा हल्का व्यायाम गर्ने, हरियो सागपात तथा पँहेला फलफूलहरु प्रशस्त मात्रामा खाने तथा प्रशस्त मात्रामा पानी पिउने गर्नुपर्दछ । जसले गर्दा दिसा कब्जियत हुन पाउँदैन र रोगबाट बच्न सकिन्छ । यदि यो रोगलागिहालेमा नरम खालकाखानेहुराहरु खाने, हरियो सागपात बढी मात्रामाखाने, पानी प्रशस्त मात्रामा पिउने साथै दिसा पातलो गर्ने खालको औषधि पनि आवश्यकता अनुसार सेवन गर्ने, घाउ छिटो निको पार्नको लागि मल्हम लगाउने तथा दुखाई भएमा दिसागर्नु अघि आवश्यकता अनुसार मनतातो पानीमा दिसागर्ने ठाउँ डुबाएर बस्ने । यदि घाउको नजिकमा मासु पलाएको छ भने त्यसलाई क्षारसूत्र विधिबाट हटाउन सकिन्छ ।

अहिले सम्मको तथ्याङ्कलाई हेर्दा :-

क) पाईल्स : ६६%

ख) फिस्टुला ११%

ग) फिसर २३% रहेको पाईएको छ । जस मध्ये पाईल्सका नयाँ विरामी ९१% र पहिला अप्रेशन गराइसकेका विरामी ९% छन् भने त्यसैगरी फिस्टुलाका विरामी नयाँ ५८% र पहिला अप्रेशन गराईसकेका विरामी ४२% रहेको पाईएको छ । चिकित्सा परिषदले अप्रत्यक्षरुपमा कस्ता व्यक्तिले क्षार सूत्र गरिरहेका छन र कस्ता ठाउँमा गरिरहेका छन् यसको बारेमा निगरानी गरिरहेको छ र अब चाँडै नै निर्देशिका पनि आउँदैछ र सो निर्देशिका भन्दा बाहिर गएर कामगर्ने गराउने तथा विज्ञापन गर्ने सम्पूर्ण व्यक्ति तथा संघ संस्थाहरुलाई कार्वाहीको दायरामा ल्याउन सकिनेछ । **❖प्रस्तुति : हरि पन्त**

कुन्तिदेवी शिक्षा पुरस्कार उषा सुवेदीलाई

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

लेखनाथ साहित्य प्रतिष्ठानद्वारा सञ्चालित कुन्तिदेवी शिक्षा पुरस्कार २०७२ द्वारा अमर सिद्ध नमूना उच्च मा.वि. लेखनाथ-११, पचभैयाकी छात्रा उषा सुवेदी सम्मानित हुने भएकी छिन्। लेखनाथ नगरपालिकाका सामुदायिक विद्यालयहरुमध्येबाट एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट अङ्क प्राप्त गर्ने छात्रालाई प्रदान गरिने उक्त पुरस्कारको राशि १० हजार रुपैयाँ र प्रशंसा पत्र रहेको छ। २०७१ को एस.एल.सी. परीक्षामा सुवेदीले ८३.७५ प्रतिशत अङ्क प्राप्त गरेकी थिइन्। कवि शिरोमणि लेखनाथ पौडेलकी कान्छी छोरी स्व.कुन्तीदेवी भट्टराईको स्मृतिमा उनको परिवारद्वारा स्थापित उक्त पुरस्कार सहित कवि शिरोमणि लेखनाथ प्रा.वि. अर्चलेका विद्यार्थीहरुलाई पनि रु. १० हजारको छात्रवृत्ति प्रदान गरिँदै छ। यसैगरी कवि तथा गायक पद्मराज ढकालद्वारा स्थापित तथा सप्तरङ्गी सांस्कृतिक प्रतिष्ठान पोखराद्वारा सञ्चालित मधुमाया ढकाल छात्रवृत्ति-२०७२ जनज्योति उच्च मा.वि. कालिकाकी छात्रा सविना पौडेलले प्राप्त गर्ने भएकी छन्। उनले २०७१ को एस.एल.सी. परीक्षामा ८२.१२ प्रतिशत अङ्क प्राप्त गरेकी थिइन्।

ढकालकै परिवारजनबाट स्थापित तथा लेखनाथ सांस्कृतिक समूह, लेखनाथद्वारा सञ्चालित चन्द्रकान्त ढकाल छात्रवृत्ति लेखनाथ नगरपालिकाका सामुदायिक विद्यालयहरुमध्येबाट २०७१ को एस.एल.सी.मा सर्वोत्कृष्ट ८५.२५ प्रतिशत अङ्क प्राप्त गर्ने त्रिभुवन शान्ति उच्च मा.वि. लेखनाथ-१२ खुदीका छात्र निरज भट्टराई र संस्थागत विद्यालयहरुमध्ये २०७१ को एस.एलसीमा सर्वोत्कृष्ट ९०.७५ प्रतिशत अङ्क प्राप्त गर्ने नेपाल आदर्श आवासीय उच्च मा.वि. लेखनाथ-१ भण्डारढीकका छात्र आशिषबाबु बगाले दुवैलाई रु. पाँच/पाँच हजार र प्रशंसापत्र प्रदान गरिने भएको छ।

यसैगरी ढकालकी बहिनी अम्बिका ढकालद्वारा स्थापित फणिन्द्रकुमारी ढकाल स्मृति छात्रवृत्ति २०७१ को एस.एल.सी. परीक्षामा सर्वोत्कृष्ट ७१.२५ प्रतिशत अङ्क प्राप्त गर्ने लक्ष्मी आदर्श उच्च मा.वि.का छात्र अमृत त्रिपाठीलाई पाँच हजार रुपैयाँ सहित प्रशंसापत्र प्रदान गरिनेछ।

कास्कीको अर्घौं अर्चलेमा पुस १५ गते हुने कवि शिरोमणि लेखनाथ पौडेलको १३२ औं जन्मजयन्ती समारोहबीच उक्त पुरस्कार प्रदान गरिने लेखनाथ साहित्य प्रतिष्ठानको अध्यक्ष पद्मराज ढकालले जानकारी दिए।

कोपा पुमा टोरेरोजका लागि खेलाडी छनौट

पोखरा ७ पुस ।

आगामी मार्चको अन्तिम साता जापानको टोकियोमा हुने यु-१२ कोपा पुमा टोरेरोज-२०१६ अन्तर्राष्ट्रिय आमन्त्रित फुटवल प्रतियोगितामा सहभागिताका लागि कास्कीका खेलाडी छनौट कार्य जारी छ । मंगलबार गरिएको दोश्रो छनौंट खेलबाट यहाँका ३२ खेलाडी छानिएका छन् । छनौटमा पर्ने खेलाडीहरुमा प्रकाश नेपाली, मनोज विक, समुन्द्र सुवेदी, रोशन थापा, कुशल परियार, प्रवेश चौधरी, साकार थापा, अबिरल थापा, मनोज नेपाली, प्रशान्त गुरुङ्ग, निराजन थापा, सफल गुरुङ्ग, सुरज श्रेष्ठ, विशाल थापामगर, अनमोल थापा, मनोज जलारि र अस्मित गोर्खाली रहेका छन् । छनौट हुने अन्य खेलाडीहरुमा विकल थापा, अमन गुरुङ्ग, निर्दोष थापा, प्रशन्न श्रेष्ठ, विनय तामाङ्ग, गणेश विक, प्रमेश गुरुङ्ग, पुष्प भट्टराई, नमास थापामगर, सचिन गुरुङ्ग, सुसान्त श्रेष्ठ, प्रविण थापा, नमित खत्रि, बिजु गुरुङ्ग र सुमित श्रेष्ठ रहेका छन् ।

खेलाडी सहभागिताका लागि कास्की जिल्ला फुटवल संघलाई जापानमा फुटवल प्रशिक्षण दिदै आएका नेपाली फुटवलर बसन्त गौचनको संयोजनमा निमन्त्रणा आएको हो । आयोजकबाट औपचारिक निम्तो पाएपछि कास्की जिल्ला फुटवल संघले एक महिना अघिदेखि खेलाडी छनौट तथा प्रशिक्षण कार्यक्रम शुरु गरेको छ । प्रारम्भिक प्रशिक्षणमा २ सय ५० खेलाडीले सहभागिता जनाएका थिए । ति मध्ये पहिलो चरणमा ६० खेलाडी छनौट गरिएको थियो । प्रशिक्षकद्वय शम्भु केसी र राजेन्द्र तामाङ्गले खेलाडीहरुलाई नियमित प्रशिक्षण दिइरहेका कास्की जिल्ला फुटवल संघका अध्यक्ष धरमबहादुर लामिछानेले जानकारी दिए ।

विदेश जानेहरूका लागि सुवर्ण अवसर

Macow, Abudabi को Spark, Middle East, Star र Al Jaber Coin दुवई र कतारको Grup-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गार्ड तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरू :- **अन्तर्वार्ता घमाधम भइरहेको छ ।**

❖शतप्रतिशत उत्तीर्ण गराउन सफल ❖आफ्नै मेनपावर कम्पनीबाट प्रोशेस गराईने ।
❖१ वर्षमा ३ सय भन्दा बढी सेक्यूरिटी गार्डमा पास गराउन सफल

सम्पर्क | **फेवा सेक्यूरिटी एण्ड वर्कर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा विजनेश कम्प्लेक्स सटर नं. ३०,
फोन:०६१-५५०२५२, मो. ९८४६०-४१४९२

खुशीको खबर !

के तपाईंलाई लागोभागो भई छेदभेद गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ। साथै ढाड दुखेको, वाथ, शुक्री, बाँझोपन हटाउने ग्याष्ट्रिक,रक्सी छुटाउने औषधि समेत पाइन्छ। *महिनावारी भएको ७ दिन र जूठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरुवाचोक प्रतिक्षालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५९५९

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भुसिल डकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।

यौन समस्या:- लिङ्ग स्खलन, उत्तेजना नहुने, लिङ्ग खिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।

महिला सम्बन्धि समस्या
महिनावारी गडबडी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुख्ने, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्धतिबाट सफल उपचार ।

जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने

सुन्दरता:- कालो पोतो, डण्डिफोर, दाग धब्बा, मसिना, कोठी, चाउरपिन हटाई पुरै शरिर गोरो बनाउने ।

[illegible]

थप उपचार:- पित्त, सुगर, जण्डिस, पिनास, पाइल्स, दम साथै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दु:खाइ ठिक पार्ने मसाज तेल ।

शितल आयुर्वेद फार्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्रि होम डेलिभरी
फोन नं.०६१-५३१८६७, ०६-१२२९९९८, मो. ९८४६१३७४१८

कास्कीको घलेल र धितालमा ल्होसार उत्सव तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

क्यानोनिङ गाउँ घलेलमा १७औं ल्होसार उत्सव हुने भएको छ । कास्की जिल्लाको सुदूर उत्तरी क्षेत्रको पर्यटकीय गाउँ घलेलको परम्परागत कला-संस्कृतिको संरक्षण तथा खेलकूदको विकास सहित पर्यटन प्रवर्द्धन गर्न विगत डेढदशक अघिदेखि गरिँदै आएको ल्होसार घलेल उत्सवलाई यसवर्ष पनि निरन्तरता दिन लागिएको आयोजक समितिका संयोजक रामबहादुर गुरुङले जानकारी दिएका छन् । स्थानीय बौद्ध सृजना युवा क्लब र बमबहादुर घलेल नि.मा.वि., घलेलको संयुक्त आयोजनामा हुन लागेको उत्सव पुस १५ देखि २० गतेसम्म चल्ने छ । उत्सवमा साँस्कृतिक एवम् मनोरञ्जनात्मक कार्यक्रम, खुल्ला वडास्तरीय भलिबल प्रतियोगिता, क्लबस्तरीय खुल्ला महिला भलिब प्रतियोगिता, खुल्ला एकल नृत्य प्रतियोगिता, अर्गानिक परिकारका स्वाद, राष्ट्रिय तथा स्थानीय कलाकारहरूको प्रस्तुति लगायतका कार्यक्रमहरू समावेश गरिएको छ । उत्सवबाट भएको आम्दानी बाट मर्दी हिमाल पदमार्गको व्यवस्थापन तथा सुधार गर्ने आयोजकको योजना रहेको उत्वव आयोजक समतिका संयोजक गुरुङले बताए । माछापुच्छ्रे मोडेल ट्रेक अन्तर्गत रहेको मर्दी हिमाल पदमार्गमा घुम्न आउने पर्यटकको आकर्षण बढ्दै गएपछि यहाँका पर्यटन व्यवसायीहरू उत्साहित छन् ।

करिब २५ हजार दर्शकले अवलोकन गर्ने अपेक्षा गरिएको सो उत्सवमा घैंटो फुटाउने, रस्साकसी, छेलो लगायतका मनोरञ्जनात्मक कार्यक्रमहरूसमेत सञ्चालन गरिने छ । ल्होसार उत्सव सम्पन्न गर्नका लागि रामबहादुर गुरुङको संयोजकत्वमा ५१ सदस्यीय मूल आयोजक समिति गठन गरिएको छ । स्थानीय कुदी छहरामा क्यानोनिङ खेल आरम्भ भएपछि घलेल गाउँ क्यानोनिङका रूपमा चिनिन थालेको छ । डोरीको सहायताले पहरा र छहरासँगै बग्ने साहसिक खेल क्यानोनिङ खेल पोखराबाट नजिकै रहेको यो नै पहिलो पर्यटकीय गाउँ हो । पर्यटकीय गाउँ घलेलको मात्र नभई सिङ्गो पर्यटकीय नगरी पोखरामा क्यानोनिङ खेल नयाँ आयाम र सम्पदाका रूपमा विकास गर्न पाएका घललेबासी हर्षित भएका छन् । ६ वर्षअघि होमस्टे सञ्चालनमा आएको घलेलमा करीब ७० पर्यटक थाम्न सक्ने क्षमता रहेको छ । घललेबाट मर्दी हिमाल, अन्नपूर्ण हिमश्रृङ्खला, नागवेली भएर बग्ने मर्दीखोलाको दृश्यावोलकनका साथै प्राकृतिक मनोरम दृश्यपान गर्न सकिन्छ ।

यसैबीच गाउँको चिनारीको लागि हाम्रो सक्रियता भन्ने मूल नाराका साथ मंगलबारदेखि कास्कीको धिताल ७ हेम्जाकोटमा पुसे १५ तथा ल्होसार मेला सुरु भएको छ । जय बराह युवा क्लवको आयोजनामा सुरु भएको मेलाको नेपाल लोकतान्त्रिक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्रकुमार शेरचनले एक कार्यक्रमका बीच उदघाटन गरेका हुन् । महोत्सवको उदघाटन गर्दै अध्यक्ष शेरचनले खेलको माध्यमबाट देश विकास सम्भव हुने भएकाले युवाहरुलाइ खेलप्रति आकर्षण गर्न मेला महोत्सवले समेत महत्वपूर्ण भूमिका खेल्ने बताए । उनले गाउँबाट मानिसहरु शहरतर्फ लाग्ने र गाउँ बृद्धाश्रम जस्तै भइरहेका बेला स्थानीय युवाहरुको सक्रियतामा मेला मेहोत्सव आयोजना गरेर गाउँ देखीनै खेलकुदको विकासमा योगदान पुर्‍याएकोमा आयोजक क्लवलाई सक्दो सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे। क्वलवका अध्यक्ष सुन्दर गुरुङको अध्यक्षतामा भएको उदघाटन कार्यक्रममा नेपाली काँग्रेस क्षेत्र नं ४ का उपाध्यक्ष मोतिप्रसाद ढुङ्गाना, नेपाल प्रेस युनियन कास्कीका उपाध्यक्ष माधव रेग्मी, नेकपा माओवादीका टेकनाथ गौतम, भूमेश्वर मावि धितालका प्र.अ. झलक बहादुर पौडेल, युवा समाजसेवी धर्मराज सुनार तथा हेम्जाकोट प्राविका अध्यक्ष खडग वहादुर गुरुङ लगायतले महोत्सवले धिताल हेम्जाकोटकोमात्र नभइ त्यस वरपरका युवाहरुलाइ एकजुट गराउनका साथै खेलको माध्यमबाट स्थानीय विकासमा समेत महत्वपुर्ण योगदान पुर्याएको बताएका थिए । एक हप्तासम्म चल्ने महोत्सवमा भलिवल प्रतियोगिता, लोकदोहोरी प्रतियोगिता, लठ्ठो तान्ने र छेलो हान्ने प्रतियोगिता लगायत राष्ट्रिय तथा स्थानीय कलाकारहरुको सांस्कृतिक प्रस्तुति समेत रहने आयोजकले जनाएको छ। त्यस क्षेत्रकै महत्वपूर्ण प्रतियोगीताका रुपमा मानिने भलिवल प्रतियोगितामा ११ टिमको सहभागिता रहेको र प्रथम र द्वितीय हुने टिमलाई क्रमशः २५ हजार र १५ हजार पुरस्कार राशिको व्यवस्था राखिएको समेत आयोजकले जनाएको छ ।

चिडियाखानाका लागि पाँच लाख ५० हजार प्रदान

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

युनाइटेड क्लव पोखराले चिडियाखाना निर्माणका लागि चिडियाखाना निर्माण सरोकार समितिलाई रकम हस्तान्तरण गरेको छ । स्थापना कालदेखि पोखराको अमरसिंहचौरमा आयोजना गर्दै आएको पोखरा महोत्सवको पांचौ महोत्सवबाट छुट्याइएको रकम मध्ये ५ लाख ५० हजार रुपैयाँ बुधवार एक कार्यक्रमका बीच पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण सरोकार समितिलाई हस्तान्तरण गरेको हो । शिक्षा, स्वास्थ्य, खेलकुद र पोखरामा नयाँ पर्यटकीय गन्तब्य चिडियाखाना निर्माण गर्ने उद्देश्यले अगाडि बढेको युनाइटेड क्लवले स्थापनाकालबाट शुरु गरेको महोत्सवदेखि पांचौ पोखरा महोत्सवसम्म आइपुग्दा चिडियाखाना निर्माणका लागि १५ लाख रुपैयाँ प्रदान गरिसकेको छ । बुधवार सम्पन्न कार्यक्रममा युनाइटेड क्लवका अध्यक्ष हिमालय बखेल, क्लवका सचिव लालकाजी गुरुङ र कोषाध्यक्ष राजु श्रेष्ठले पोखरा चिडियाखाना निर्माण समितीका कोषाध्यक्ष दामोदर भक्त थापालाई संयुक्त रुपमा ५ लाख ५० हजार रुपैयाँको चेक हस्तान्तरण गरेका हुन् । चेक हस्तान्तरण कार्यक्रममा वोल्दै पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण सरोकार समितिका कोषाध्यक्ष दामोदरभक्त थापाले पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माणका लागि क्लवले प्रदान गरेको रकमलाई चिडियाखाना निर्माणको खातामा जम्मा गरिने बताए । यसअघि जिल्ला विकास समितिमा राखिएको रकमलाई समेत राष्ट्रिय वाणिज्य बैंक तालचोक शाखामा रहेको चिडियाखानाको खातामा जम्मा गरेको र यो रकमलाई पनि सोही खातामा जम्मा गरिने उनको भनाइ रहेको थियो । छैठौं पोखरा महोत्सवलाई समितिले सहयोग गर्ने समेत उनको भनाइ थियो । कार्यक्रममा बोल्दै युनाइटेड क्लवका सचिव लालकाजी गुरुङ र कोषाध्यक्ष राजु श्रेष्ठले आफुहरु छैठौं पोखरा महोत्सवको पूर्व सन्ध्यामा चिडियाखाना निर्माण सरोकार समितिलाई रकम हस्तान्तरण गर्न पाउँदा खुशी लागेको बताउँदै पोखरामा चिडियाखाना निर्माणका लागि क्लव लागिपरेको उनीहरुको भनाइ थियो । त्यस्तै आगामी पुस ३० देखि हुने छैठौं पोखरा महोत्सवलाई सफल बनाउनका लागि सहकार्य गर्न समेत चिडियाखाना निर्माण सरोकार समिति र चिडियाखाना निर्माणका लागि लागिपरेका लेखनाथका सामुदायिक वनहरुलाई उनीहरुले आग्रह गरेका छन ।

कार्यक्रममा बोल्दै युनाइटेड क्लवका अध्यक्ष तथा पोखरा अन्तर्राष्ट्रिय चिडियाखाना निर्माण सरोकार समितिका अध्यक्ष हिमालय बखेलले पोखरा महोत्सवको सुरुवात नै शिक्षा, स्वास्थ्य, खेलकुद र नया पर्यटकीय गन्तव्य पोखरामा चिडियाखाना निर्माण भनेर गरिएको र अहिलेसम्म आइपुग्दा १५ लाख रुपैयाँ रकम जम्मा गर्न आफूहरु सफल भएको बताए । आगामी पुस ३० देखि माघ १० गते सम्म अमरसिंह चौरमा हुने छैठौं महोत्सवबाट पनि २० प्रतिशत रकम चिडियाखाना निर्माणका लागि छुट्याइने उनको भनाइ रहेको थियो । कार्यक्रममा पचभैया सामुदायिक वन उपभोक्ता समिति लेखनाथका अध्यक्ष मोहनबहादुर घिमिरे, रुपाताल संरक्षण समितिका पदाधिकारी तथा युनाइटेड क्लवका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।

गाविसको कामप्रति ढिकुरपोखरीवासी असन्तुष्ट

गोल्डेन न्यूज संवाददाता
पोखरा ७ पुस ।

कास्कीको ढिकुरपोखरी गाउँ विकास समितिले चालु बर्षको पहिलो सार्वजनिक सुनुवाई कार्यक्रम गरेको छ । युवा आवाज नामक संस्थाको समन्वयमा गाविस र मातहतका सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सेवा प्रवाह, पारदर्शिता र जवाफदेहिता सम्बन्धी छलफल गर्नका लागि कार्यक्रम गरिएको हो । कार्यक्रममा गाविसले चालू आर्थिक बर्ष २०७२/०७३ मा संचालन गरेका विकास निर्माण र प्रदान गरिएका सेवा प्रवाह, विभिन्न सरकारी तथा गैर सरकारी निकायका काम कारबाहीका बिषयमा छलफल गरिएको थियो ।

कार्यक्रमका सहभागीहरुले गाउँ विकास समितिले स्थानीयसँग छलफल नगरी योजना छनौट गर्ने गरेको र छनौट भएका योजना तथा बिनियोजित बजेटका विषयमा जानकारी दिन नसकेको गुनासो गरेका छन् । यस्तै गैसस सँग समन्वय नभएको तथा महिला तर्फको बजेटमा टाठाबाठाले मात्रै बाँडफाँड गर्ने गरेको उनीहरुको गुनासो छ । गाविसमा कुन कुन गैससले काम गरिरहेका छन् हामीलाई जानकारी नै छैन, नेकपा एमाले गाउँ कमिटी अध्यक्ष केदारनाथ अधिकारी भन्छन्-कार्यक्रम सकिएपछि अतिथि भनेर बोलाउँछन्, गाविससँग समन्वय नै छैन । गैससहरुको अनुगमन नहुँदा आफुँखुशी काम गर्ने गरेको उनको भनाई छ । परिषदका बेला कसैले योजना र कार्यक्रम पेश गर्दैनन्, एमाओबादी अध्यक्ष गाविन्द प्रसाद अधिकारीले भने-त्यसैले योजनामा समेत दोहोरोपनाको समस्या आईरहेको छ ।

अर्का स्थानीय महेश्वर पौडेलले भने राजनीतिक दलको एकपक्षिय निर्णयले योजनामा समस्या भएको बताए । दलका नेताहरुले हामीलाई पनि जानकारी नदिईकन योजना बनाउँछन्, उनले भने-काम सकिन लाग्दा मात्रै हामीले थाहा पाउँछौं । गाविस सचिव स्थानेश्वर ढुंगानाले आगामी दिनदेखि बस्तीस्तरबाट आएका योजनालाई प्राथमिकता दिएर बजेट विनियोजन गर्ने प्रतिबद्धता जनाए । आगामी बर्षका लागि परिषद् हुने संघारमा छौं, ढुंगाना भन्छन्-लक्षित समुदायबाटै माग भएका योजनाहरु समेटिनेछन्, पहुँचका आधारमा योजना पार्ने काम हुँदैन । पत्रकार प्रकाश ढकालले सहजीकरण गरेको कार्यक्रममा सहभागीहरुले सम्बन्धित सरकारी निकायका कर्मचारीहरुबाट सहज सेवा पाउन नसकेको, परिषद्का योजनाहरु रकमान्तर गरिएको, योजनाको प्रभावकारी अनुगमन नभएको लगाएतका गुनासो समेत गरेका थिए । गुनासोको सुनुवाई गर्दै गाविस सचिव ढुंगानाले तत्काल अनुगमन समिति गठन गरी अनुगमन कार्यलाई तीव्रता दिने बताए ।

कार्यक्रममा गाविस स्तरीय राजनीतिक दलका प्रमुख प्रतिनिधिहरुले पनि गाविसले प्रदान गर्ने सेवा प्रवाह र विकास निर्माणका लागि आ-आफ्नो पार्टीले सक्दो प्रयास गर्ने प्रतिबद्धता जनाए । गाविस पारदशी हुनुपर्छ, उनीहरुले भने-त्यसमा हाम्रो भूमिका महत्वपूर्ण हुन्छ, आफ्नो भूमिका पूरा गर्न हामी तत्पर छौं । योजना छनौटका विषयमा पनि आँफुहरुले कुनै दवाव नदिने उनीहरुको प्रतिबद्धता छ ।

शिशु निकेतनमा पुरस्कार वितरण

पोखरा ८ पुस ।(गोल्डेन)

पोखराको बिरौटास्थित शिशु निकेतन उच्च मा.वि.ले कक्षा नर्सरीदेखि दससम्मका विद्यार्थीहरू वीच विभिन्न प्रकारका अतिरिक्त एवम् सहक्रियाकलाप आयोजना गरेको र तिनमा उत्कृष्टता हासिल गर्ने छात्रछात्राहरूलाई पुरस्कार वितरण गरेको थियो । क्रियाकलाप मध्ये विद्यालयको ६३औं संस्थापक दिवसको उपलक्ष्यमा खुल चित्रकला प्रतियोगिता आयोजना गरिएको थियो । सो प्रतियोगितामा विभिन्न कक्षाका ४५ जना छात्रछात्राले उत्कृष्टता हासिल गरेका थिए । त्यस्तै नेपाल चाइन पिपल्स फ्रेण्डसिप एशोसियसन नामक संस्थाद्वारा आयोजित अन्तर विद्यालयस्तरीय चित्रकला प्रतियोगितामा प्रयाग जोशी (कक्षा १० ख) ले तृतीय स्थान प्राप्त गरेर नगद पुरस्कार ५ हजार रुपैयाँ प्राप्त गरेका थिए । त्यस्तैगरी विद्यालयद्वारा आयोजना गरिएको खुल्ला अंग्रेजी कविता लेखन प्रतियोगितामा जेनिशा लामिछाने (कक्षा ९ 'ख'), पूजा घिमिरे (कक्षा १० 'ख') र जेनिफर भट्टराई (कक्षा ९ 'ख') तथा स्नेही रानाभाट (कक्षा ९ 'ख') ले क्रमशः प्रथम, द्वितीय र तृतीय स्थान प्राप्त गर्न सफल भएका थिए । विजेता विद्यार्थीहरूलाई विद्यालयका निर्देशक हरिश आर.के. र सह-निर्देशक डेनिका राजले पुरस्कार तथा प्रमाणपत्र प्रदान गरेका थिए ।

थापाको....

पर्यटनमा ठूलो टेवा पुग्ने यथार्थलाई मनन गर्दै मुलुकले पर्यटकीय पूर्वाधार निर्माणलाई अधिक जोड र प्राथमिकता दिनु अपरिहार्य भएको छ । चीनको सुरक्षा संवेदनशीलता लाई दृष्टिगत गरी दुवै देशले साझा रणनीति एवम् योजना बनाएर चीन विरोधी गतिविधि हुन नदिन सहकार्य गर्न पनि उत्तिकै आवश्यक छ । राजनीतिक एवम् सरकारीस्तरमा नेपालले पनि चीनलाई आश्वस्त पार्नैपर्छ । विगतका कमी कमजोरी सच्याउँदै नयाँ ढङ्गले सम्बन्ध सुधार एवम् सुमधुर बनाउन काठमाडौंले विशेष रुपमा काम गर्नैपर्छ । विगतका अनुभवबाट पाठ सिक्दै 'शान्त कूटनीति' अपनाएर अघि बढ्न सकेमा विश्वको आर्थिक महाशक्तिका रुपमा उदीयमान चीनबाट मुलुक लाभान्वित हुने पक्का छ । रासस

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा टुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

बैंक व्यालेन्स

बैंक व्यालेन्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।
सम्पर्क
९८२६१-०६६०२

कर्मचारी आवश्यकता

पोखरा-९, न्यूरोडमा एक ट्राभल्स एजेन्सीका लागि अनुभवी
महिला कर्मचारी : संख्या १ जना
पुरुष कर्मचारी : संख्या १ जना
इमेल र इन्टरनेट चलाउने जन्ने व्यक्तिले सम्पर्क गर्नुहोला ।
नोट : मोटरसाइकल, स्कुटर हुनेलाई विशेष प्राथमिकता दिइनेछ ।
सम्पर्क : ०६१-५२६४०९, ५२६३९५
मोवाइल : ९८५६०२००२५

जीवन के.सी.
मो. ९८५६०-३८०६६
९८०६६-४०६८५
पञ्चमुखी लक्ष्मी सप्लायर्स
हवेलीमार्ग, काजीपोखरी
पोखरा-१८
विवाह, व्रतबन्ध, भोज तथा अन्य कुनै कार्यको लागि सफा खानेपानी चाहिएमा हामीलाई सम्झनुहोस् ।

अमेरिकन डेम्लोम्याटिक सेक्युरिटी तालिमको अवसर

Abudabi को PSBD : Spark, Middle est-Star Skill Force दुवको DPS : Etisaleel star कतारको Group-4 बहराईन, मकाउ आदि देशहरुमा सेक्युरिटी गार्डमा जान चाहने व्यक्तिहरुलाई यस प्रा.लि बाट अन्तर्राष्ट्रिय स्तरको Diplomatic सेक्युरिटी गार्डमा तालिम, अंग्रेजी भाषा र अन्तरर्वार्ताका तयारी कक्षाहरु संचालन भई रहेको हुँदा ईच्छुक व्यक्तिहरुले तुरुन्त सम्पर्क गरी आफ्नो मौकाको फाईदा उठाउनु होला ।

हाम्रा सेवाहरू :
१. 100% उत्तीर्ण गराउन सफल !
२. आफ्नै मेन पावरबाट प्रोसेस गराइने (फिस लेडर इम्प्लाइमेन्ट सर्भिस प्रा.लि.)
३. DPSL PSBD का Objective & Mobel question Answer को Practical गराइने
४. व्यवहारिक एवं सैद्धान्तिक ज्ञान पूर्ण रुपमा हासिल गराइने ।
५. १ वर्षमै ५ सय भन्दा माथि सेक्युरिटी गार्ड पास गराउन सफल ।

आर्मर ग्रुप सेक्युरिटी एण्ड सप्लायर प्रा.लि.
सम्पर्क : ९८४६३५५३४२ (डिसी अर्याल), ९८५६०२३८६२ (जितबहादुर)
९८०६७०८२४६, ९८०६७०८२४७, ०६१-५३०७२४ (अफिस)
(पृथ्वीचोकबाट १०० मिटर तल, एयरपोर्ट जाने बाटोमा, मुक्तिनाथ विकास बैंकको ठीक अगाडि, पोखरा विजनेश कम्प्लेक्सको दोस्रो तला)

हार्दिक समवेदना

जन्मः
वि.सं.:१९९६/०६/०१

स्वर्गारोहण
वि.स.:२०७२/०८/२५

स्व. रुकविणा गौतम

सिद्धार्थटोल टोल विकास संस्थाकी कार्यसमिति सदस्य एवं सांस्कृतिक संयोजक कल्पना गौतमकी ममतामयी सासुआमा **रुकविणा गौतमको** दुःखद् निधन भएकोमा हामी अत्यन्तै मर्माहत भएका छौं। उहाँको निधन भएको यस दुःखद् घडिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं। साथै शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस् भनि **हार्दिक समवेदना** प्रकट गर्दछौं।

गोमा कोइराला सुवेदी
अध्यक्ष एवं
सिद्धार्थटोल टोल विकास संस्था परिवार

“रंगहरूको अन्तिम गन्तव्य”

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेजको समस्या सावधान, वाटर प्रुफिङ गरिन्छ ।
फोन : ०६१-४३०१६४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलरः एशियन पेन्ट
नेपालमा सर्वाधिक रूचाईएको पेन्ट

STUDY, WORK & LIVE IN
MALTA
Apply without IELTS | SLC Passed or +2 students can apply
- European Union Member/Schengen Territory.
- Work while studying.
- Affordable Tuition fee.
- Low entry requirements.
- High Visa Success Rate.
- Easy Documentation.
- Refusal from USA/UK/Ireland/Australia/New Zeland are welcome.

Min Req.: SLC, +2 or eqvl.
IELTS: not required!
Hurry Up !
Limited Seats for Nepali Students

ROYAL
INTERNATIONAL EDUCATION NETWORK PVT. LTD.
www.royalien.com

Chipledhunga
2nd Floor, Batas Malla Complex, 061-551041
Ranipauwa
H#50, Infront of NTC, 061-533386
Email: info@royalien.com | Web www.royalien.com

प्रो. वद्री के.सी. : ९८५६०२९८४६
प्रो. गोपाल बहादुर कार्की : ९८५६०३१८७२
प्रो. राजेश के.सी. : ९८५६०३७३१७
ईन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस
चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ५२७३०४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतवन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

पोखरामा पहिलो पटक

- यौनवर्द्धक : लिङ्गको साइज, पावर बढाउन, शिघ्र स्खलन रोक्न, विश्व विख्यात हर्बल सप्लिमेन्ट उपकरण, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, नुप्लाइ कसिलो बनाउन, पेटको चिरा हटाउन।
- केश झर्न रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन स्प अमृत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Buildo घटाउन (More Slim)
- थाहै नदिई जाँड रक्सी चुरोट, खैनी, गाँजा तथा ड्रग्स छुटाउन।
- दाँत तथा जोर्नी दुखाई ठिक पार्ने, सन्धी सुधा पेनकिल।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home
पोखरा हर्वल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

रेवानको ताण्डव, महोत्सवको नाममा सडकमै रक्सी भट्टी

पोखरा ८ पुस ।

यो वर्ष पनि सुन्दर पर्यटकीय नगरी पोखरामा सडक महोत्सवको नाममा सार्वजनिक सडक अवरुद्ध पारेर रक्सी उत्सव गरिने भएको छ । पोखराको लेकसाइडमा रेष्टुरेन्ट व्यवसाय गर्नेहरुको संस्था रेवान पोखराले अंग्रेजी नयाँ वर्षको अवसर पारेर सडक महोत्सव गर्ने तयारी गरिरहेको हो । शहिद चोक देखि हल्लनचोक खहरे र जरेवरदेखि हल्लनचोक सम्मको झण्डै ४ किमी सडक ५ दिन ५ रातको लागि रेवानले कव्जा गरेर महोत्सवका नाममा सडकमा भट्टी पसल संचालन गर्दै आएको छ। विगत १६ वर्ष देखि सञ्चालन गर्दै आएको सडकको भट्टी र सेकुवा पसल लाई उनिहरुले सडक महोत्सवको नाम दिने गरेका छन्। जुन काम यसपाली पनि पुष १३ देखि १७ गते सम्म गर्ने चाजो पांचो गरिरहेका छन्।

रेष्टुरेन्ट व्यवसायीहरुको पेशागत संस्था रेवानले महोत्सवका नाममा चर्को सिण्डिकेट लादेर उपभोक्ताहरुलाई महंगोमा खानेकुरा वेच्दै आएको छ। सडकमै नै मासु पोलेर सडकमै टेण्ट हालेर टेवुल कुर्सी झारेर व्यापार गर्ने गरिदा सडक प्रयोगकर्ताहरुले चरम सास्ती वेहोर्न परिरहेको छ। अत्यावस्यकीय सेवाका सवारी साधनहरु समेतलाई वन्देज लगाएर सडकमा गरिने रक्सी र मासुको व्यापारलाई निषेध रेवानको अवैध महोत्सवलाई नियमानुसार गर्ने तर्फ कुनै सोच विचार नै नगरिरहेको अवस्था छ। यसले रेवानको संस्थागत अराजकतालाई उजागर गराएको छ। रेवानले आयोजना गर्ने महोत्सवले जतातत्तैवाट कानून मिचेको छ। ५ दिन सम्म सार्वजनिक वाटो व्लक गरेर सडकमै व्यापार गर्नु गैह्रकानूनी मात्र हैन स्वास्थ्यको दृष्टिले पनि हानिकारक रहेको विज्ञहरु वताउंछन्। हजारौं नागरिक हिड्ने ठाउँमा पकाएका खानेकुरा अस्वस्थ रहने निश्चित छ।

सार्वजनिक नियन्त्रणमा लिएर एउटा व्यवसायिक संस्थाले व्यापार चलाउदै राज्यका प्रचलित नियम कानूनहरुलाई समेत वर्खिलाप गर्ने गरेका छन्। उपभोक्ताले रोजेर खान पाउने अधिकारलाई कुण्ठित पार्न कुनै निश्चित रक्सी कम्पनी सँग संम्झौता गर्ने र मोटो रकम लिएर उनिहरुको रक्सी वियर मात्र विक्री गर्ने गरिएको छ। यसले उपभोक्ताको अधिकारलाई कुण्ठित गरेको छ। लाखौं रुपैयाँ मदिरा कम्पनीवाट असुल गरेर जनतालाई दुख दिने कामलाई कसरी महोत्सव भन्ने ? रेवानले गरेको सडक महोत्सव लेकसाइडकै होटल, वार व्यवसायीहरु ले असन्तुष्टि जनाएका छन्। सिटी रेवानले रंगशालामा फुट फेस्टिवल गर्न हुन्छ भने रेवानले वसुन्धरा पार्कमा महोत्सव गर्न किन नहुने ? एक होटल व्यवसायीले भने। त्यसो भन्दैमा सडक महोत्सव आफैमा आलोचित विषय वनाउनु पनि हुदैन। सडक घुमफिर गर्ने, नाचगान गर्दै रमाइलो गर्ने स्थान वनाउने हो। सडकमै स्टल गाडेर, टेवुल कुर्सी रोडमै झारेर बाटो खुम्च्याएर आगन्तुक पैदल यात्रुलाई सास्ती दिने कामलाई आयोजकले सडक अधिपत्य स्थापित गरेको दम्भमा गर्व गर्नु हुन्न। मेला संयोजक दोर्जे लामाले हामिसँगको टेलिफोन सम्वादमा नगरपालिका वाट स्वीकृति लिएको दावी गरे पनि नगरपालिकाले महोत्सव संचालनको वारेमा कुनै स्वीकृति नदिएको दावी गरेको छ। पोखरा उपमहानग पालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले नगरपालिका भित्र आयोजना गरिने मेला महोत्सवका वारेमा पूर्व स्वीकृति लिनु पर्ने भए पनि आयोजक संस्था रेवान स्वीकृतिका लागि नआएको वताए।

यस्तै जिल्ला प्रशासन कार्यालय वाट पनि मेला महोत्सवको वारेमा कुनै अनुमति नदिएको खवर प्राप्त भएको छ। कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी कृष्ण रेग्मीले सडक महोत्सवको अनुमति नलिएको वताए। रेवानको कार्यशैलीले लेकसाइडमा कानूनको साशन नचल्ने संकेत गरेको छ।

सरकारले धुम्रपान मद्यपानको सार्वजनिक स्थलमा विज्ञापन गर्न निषेध गरेको पोखरा उपमहानगर पालिकाका वरिष्ठ कानून अधिकृत नारायण शर्मा ले बताए। तर लेकसाइडको सडक महोत्सव रक्सी र वियरको स्वागत गेट र होडिङ वोडिङले सिगार्ने गरिएको छ। प्रचलित कानूनको खिलाफमा धुम्रपान, मद्यपानको विज्ञापन गरेर मोटो रकम अशुल गर्ने कार्य रोक्न नगरपालिका कार्यालयले तदारुक्ता देखाएको छ।

पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत झलकराम अधिकारीले नगरपालिका भित्रका सार्वजनिक सडकमा धुम्रपान मद्यपानको विज्ञापन वोर्ड, स्वागत गेटहरु राख्न नदिने र राखेमा हटाइने प्रतिवद्धता जनाए। नगर प्रमुख समेतको जिम्मेवारी सम्हालेका कार्यकारी अधिकृत झलकराम अधिकारीको यस्तो प्रतिवद्धता व्यक्त भएपछि विगत वर्षहरुमा भएको कानून उलङ्घन गरेर गरिने कार्य रोकिने अपेक्षा गरिएको छ। कास्की प्रशासनले पनि राज्यले निषेध गरेका कार्यको रोक लगाउन आवश्यक सहयोग गर्ने जनाएको छ।

महोत्सवले पर्यटकीय क्षेत्रको व्यापार प्रवर्द्धन गर्ने वहानामा सार्वजनिक सडकमा धुम्रपान र मद्यपानको विज्ञापन गरेर युवा जगतलाई पथ भ्रष्ट वनाउनु लाई किमार्थ राम्रो मान्न सकिन्न। राज्यका निकाय, अधिकारकर्मीहरु, संवैधानिक अंगहरुको मौनता माथि रेष्टुरेन्ट व्यवसायीहरुले फाइदा उठाउने काम रोक्नु पर्छ । खुल्ला रुपले हिड्न पाउने सडक सँगको नागरिक अधिकार कुण्ठित गर्ने काम कसैवाट हुन नदिन समयमै पहल गर्नु जरुरी छ ।

❖यदुनाथ बञ्जरा

भिवोर र सोसाइटी विकास बैंक गाभिदै

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

भिबोर विकास बैंक लिमिटेड र सोसाइटी डेभलपमेन्ट बैंक लिमिटेड एक आपसमा गाभ्ने/गाभिने भएका छन् । यी दुवै संस्था बीच छलफल भई दुवै संस्थाका संचालक समितिका पदाधिकारी तथा अन्य पदाधिकारीहरुको उपस्थितिमा बुधबारज एक कार्यक्रमका बीच मर्जर सम्बन्धी समझदारी पत्रमा हस्ताक्षर थरिएको छ। समझदारी पत्रमा भिवोर विकास बैंक लि. का तर्फबाट संचालक समितिका अध्यक्ष मोहन दास मानन्धर र सोसाइटी डेभलपमेन्ट बैंक लि. का तर्फबाट बैंक संचालक समितिका अध्यक्ष सुशिलराज पराजुलीले हस्ताक्षर गरे। मर्जर प्रकृया २०७२ असार भित्र पुरागरी सो पश्चात बैंकको नाम भिबोर सोसाइटी डेभलपमेन्ट बैंक लिमिटेड राख्ने प्रस्ताव गरिएको छ । मर्जर पश्चात बन्ने संस्थाको कूल चुक्ता पूँजी १ अरब ८१ करोड ५० लाख रुपैयाँ पुग्नेछ भने गत आश्विन मसान्तको अपरिष्कृत वित्तीय विवरण अनुसार कूल निक्षेप करिव ११ अरब रुपैयाँ र कूल कर्जा करिव ९ अरब रुपैयाँ हुने बताइन्छ । मर्जर पछि कूल ४३ शाखा मार्फत संस्थाको बैंकिङ्ग सेवाको पहुँच ८ अञ्चलका २० जिल्लामा हुनेछ ।

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरुलाई परिपत्र जारी गरी बैंक तथा वित्तीय संस्थाहरुको पुँजीगत आधार सुदृढ गर्न आगामी २०७४ असार मसान्त भित्र हाल तोकिएको चुक्ता पुँजीबाट करिब चार गुणा वृद्धि गर्न निर्देशन जारी गरेको विद्यमान अवस्थामा अधिकांश बैंक तथा वित्तीय संस्थाहरुले चुक्ता पुँजी वृद्धि गर्ने विकल्पको रुपमा संस्थाहरु एक आपसमा मर्जर सम्बन्धी प्रक्रिया अपनाई पुँजी वृद्धि गर्ने नीति यसअघि नै अख्तियार गरिसकेको छ । २०७४ आषाढ मसान्तसम्म राष्ट्रिय स्तरको विकास बैंकले कूल पूँजी २ अरब ५० करोड रुपैयाँ पुऱ्याउनु पर्ने प्रावधान अनुसार कम हुन आउने ६८ करोड ५० लाख रुपैयाँ थप पूँजी पुऱ्याउन दोश्रो चरणमा अन्य कुनै विकास बैंक तथा वित्त कम्पनीलाई आफूमा मर्ज गराउन दुवै संस्था सकारात्मक रहेका छन् ।

पिस सोसाइटी लायन्सको चाटर्ड नाइट

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

लायन्स क्लव अफ पोखरा पिस सोसाइटीले आफ्नो दोस्रो स्थापना दिवस मनाएको छ । स्थापना दिवसको अवसरमा क्लवले चार्टर नाइट तथा मृगौला पीडित युवालाई आर्थिक सहयोग गरेको हो । क्लवले चार्टर नाइटमा क्लवले गरेको गतिविधिका विषयमा छलफल गरेको छ भने मृगौला पीडित युवा विजय परियारलाई २५ हजार रुपैयाँ नगद सहयोग गरेको छ । क्लवका अध्यक्ष रुद्र केसीले क्लवको तर्फबाट १० हजार रुपैयाँ र एडमार्क ट्राभल्सको तर्फबाट १० हजार र डा.विष्णु चापागाईको तर्फबाट पाँच हजार गरी २५ हजार रुपैयाँ विजय बचाउ अभियानका संयोजक हुम गुरुङलाई हस्तान्तरण गरे । पर्वतका मृगौला पीडित परियार काठमाडौंमा उपचाररत छन् । क्लवका अध्यक्ष केसीले परियारको जीवन बचाउनका लागि आफू तथा क्लवले सानो सहयोग गरेको बताए । चार्टर नाइटमा लायन्स पीएमसिसी प्रेम बहादुर श्रेष्ठले लायन्स क्लवहरु सामाजिक सेवा र सामाजिक गतिविधिमा सक्रिय हुनुपर्ने बताए । लायन्स क्लवहरुमा पछिल्लो समय विकृति आएको हल्ला भैरहेका वेला स्वार्थभन्दा माथि उठेर सामाजिक सेवामा लाग्न उनले आग्रह गरे । लायन्स क्लव अफ पोखरा पिस चौतारीका पूर्व अध्यक्ष डा. विष्णु चापागाई मृगौलामा देखिने समस्या र यसबाट बच्ने उपाय तथा खानपिनको विषयमा जानकारी गराएका थिए । क्लवका सह-कोषाध्यक्ष प्रकास ज्ञवालीले स्वागत र सचिव लोक कुँवरले संचालन गरेको कार्यक्रममा लायन्सका रिजन चियर पर्सन दुर्गाप्रसाद हुमागाई, जोन चियर पर्सन तेज नारायण पराजुली, लायन्स क्लव पोखरा पिस चौतारीका अध्यक्ष धनन्जय पौडेल लगायतले बोलेका थिए ।

फटवल जारी

पोखरा ८ पुस ।

अन्तर तमु समाज तमु धिं नेपाल कप भलिवल प्रतियोगिताको सेमिफाइनलमा बाझापाटन तमु समाज, तमु विद्यार्थी समिति, आधीखोला तमु समाज र बगालेटोल तमु समाज प्रवेश गरेको छ । बुधवार सम्पन्न क्वाटर फाइनल खेलमा बाझापाटन तमु समाजले याङ्जाकोट तमु समाजलाई २५-२१, २५-१६, तमु विद्यार्थी समितिले तमु सहयोग समिति पार्दीलाई २५-२२, २५-१४, आधीखोला तमु समाजले सोपाल तमु समाजलाई २५-१६, २५-१८ र बगालेटोल तमु समाजले जोगीमणी तमु समाजलाई २५-१७, २५-१७ अंक सहित सोझो सेटमा पराजित गर्दै सेमिफाइनलमा प्रवेश गरेको हो । बुधवार नै भएको खेलमा सोपाल तमु समाजले चारभञ्ज्याङ तमु समाजलाई २५-१९, २५-२०, आधीखोला तमु समाजले कोल्माबहाकोट तमु समाजलाई २५-८, २५-११, जोगीमणि तमु समाजले शान्तिरुपा बराहथोक तमु समाजलाई २५-१७, २५-२३ अंक सहितको सोझो सेटमा पराजित गर्दै क्वाटरफाइनलमा प्रवेश गरेको थियो ।

भ्याली स्पोर्टस क्लवद्धारा एकता पराजित

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

पोखराको पुरानो टुँडिखेलमा जारी १०औं बिटी कप अन्तर्गत बुधवारको पहिलो खेलमा भ्याली स्पोर्टस क्लवले ४-० गोल अन्तरले एकता एफसीलाई पराजित गरेको छ । खेलमा भ्यालीको तर्फबाट शिव श्रेष्ठ र राजु गुरुङले एक-एक गोल गरेभने विजय गुरुङले दुइ गोल गरे । दोश्रो खेलमा विष्णुपादुका हेम्जाले ८-१ गोल अन्तरले बिटी ब्ल्युलाई पराजित गरेको छ । प्रतियोगितामा विष्णुपादुका को तर्फबाट सुविन श्रेष्ठले ६, प्रविण थापा र अशोक नेपालीले एक- एक गोल गरेका थिएभने बिटी ब्ल्युको तर्फबाट सुदिप पाठकले सान्तवना गोल गरेका थिए ।

त्यस्तै तेश्रो खेलमा एलजी एशोसिएशनले १-० गोल अन्तर गर्दै शिसुवालाई पराजित गरेको छ । प्रतियोगितामा एलजी एशोसिएशनको तर्फबाट सिद्धर्थ रञ्जितले निर्णायक गोल गरेका थिए । चौथो खेलमा बी १३ ले ३-२ गोल अन्तरले कुंडहर अन्नपूर्णलाई पराजित गरेको छ । खेलमा बी १३ को तर्फबाट शिव सुवेदीले दुइ र अनिल ओझाले एक गोल गरेका थिए भने कुंडहरको तर्फबाट प्रभात गुरुङ र बिनय बानियाँले एक-एक गोल गरेका थिए ।

पांचौ खेलमा नर्थ हर्नले ३-१ गोल अन्तरले दिपलाई पराजित गरेको छ । प्रतियोगितामा नर्थ हर्न एफ सीको तर्फबाट बाल प्रसादले तीन गोल गरेका थिएभने दिपको तर्फबाट दिनेश सुवेदीले सान्त्वना गोल गरेका थिए । छैठौं खेलमा काजीपोखरीले १-० गोल अन्तरले रि युनाइटेडलाई पराजित गरेको छ । प्रतियोगितामा काजीपोखरीको तर्फबाट आदर्श शाहीले निर्णायक गोल गरेका थिए ।

सातौ खेलमा मालेपाटन एफ सीले २-१ गोल अन्तरले टुडिखेल एफ सीलाई पराजित गरेको छ । प्रतियोगितामा मालेपाटनको तर्फबाट फोनस कार्की र बिकास नेपालीले एक-एक गोल गरेका थिएभने टुडिखेलको तर्फबाट शंकर गुरुङले सान्त्वना गोल गरेका थिए । अन्तिम खेलमा संगमले २१ गोल अन्तरले एन वाइ सी रत्नचोकल लाई पराजित गरेको छ । प्रतियोगितामा संगमको तर्फबाट अभिषेक तामाङ र विमल बस्नेतले एक-एक गोल गरेका थिए भने एन वाइ सी रत्नचोकको तर्फबाट विष्णु गुरुङले सान्तवना गोल गरेका थिए ।

बिटी कपमा बिहीबार पोखरा भ्याली स्पोर्टस भर्सेस विष्णु पादुका, एलजी एशोसियसन भर्सेस बी १३, नर्थ हर्न एफ सी भर्सेस काजीपोखरी, मालेपाटन एफसी भर्सेस संगम एफ सी बीच खेल हुने हुने आयोजकले जनाएको छ ।

एट ए साइड भेट्रान फुटवल प्रतियोगिता हुने

पोखरा ८ पुस ।

पांचौ एसओएस ग्रुप बगर भाइखलक एट ए साइड भेट्रान फुटवल प्रतियोगिता-२०७२ आगामी पुस २४ देखि २७ सम्म पोखराको पुरानो टुडिखेल मैदानमा हुने भएको छ । स्वास्थ्यका लागि खेलकुद, पूर्व खेलाडी कल्याणकोष का लागि सहयोग भन्ने मूल नाराका साथ आगामी फुटवल प्रतियोगिता आयोजना गर्न लागिएको हो । बगर भाइखलकले आयोजना गर्दै आइरहेको ४० वर्ष माथि उमेर समूहको एट ए साइड भेट्रान फुटवल अन्तर्गत पांचौ संस्करणको प्रतियोगितालाई भव्यताका साथ सफल पार्नका लागि बगर भाइखलकका अध्यक्ष दिलवहादुर गुरुङको संयोजकत्वमा मूल आयोजक समिति निर्माण गरी विभिन्न ५१ सदस्यीय उप-समितिहरु निर्माण गरिएको छ । प्रतियोगिता लाई सफल बनाउनका लागि सह-संयोजकमा तेजबहादुर गुरुङ, आर्थिक उपसमितिमा इश्वर गुरुङ, समारोह ब्यवस्थापनमा ओमकार गिरी, प्रचार-प्रसारमा मनकाजी गुरुङ, स्वयंसेवक परिचालनमा सन्तोष (धन) गुरुङ, टीम तयारीमा चन्द्र गुरुङ, अनुशासन तथा प्राविधिकमा दिनेश श्रेष्ठ, अतिथी सत्कारमा रमेश श्रेष्ठ, खेल मैदान व्यवस्थापन मा प्रदिप राई (दारसिङ) दाइ, स्वास्थ्य एवं प्राविधिकमा वावुराम पौडेल, अन्तर्राष्ट्रिय सम्पर्कमा तेजबहादुर गुरुङ र सह सयोजकमा जुमप्रसाद गुरुङ रहेका छन । प्रतियोगितामा काठमाडौंबाट ४, हेटौडाबाट १, बुटवलबाट १, चितवनबाट १, वीरगञ्जबाट १ र स्थानीय टीम सहित कुल १६ टीमले सहभागिता जनाउने प्रतियोगिताका संयोजक दिलवहादुर गुरुङले जानकारी दिए । प्रतियोगितामा प्रथम हुने टीमलाई ४४ हजार ४ सय ४४ नगद र दोश्रो हुने टीमले ३३ हजार ३ सय ३३ रुपैयाँ नगद पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ ।

नयाँ शक्ति निर्माण अभियानको भेला

गोल्डेन न्यूज संवाददाता
पोखरा ८ पुस ।

नयाँ शक्ति निर्माण अभियान अन्तर्गत कास्कीमा युवाहरुको भेला भए लगत्तै कास्कीका बिभिन्न वडा र गाविसहरुमा नयाँ शक्ति निर्माण अभियानले युवाहरुको भेलाले तीव्रता पाएको छ । नयाँ शक्ति निर्माण अभियानका युवा अभियान्ताहरुले सराङ्कोटमा अजय ढकालको संयोजकत्वमा ११ सदस्यीय युवा समीति गठन गरेको छ । जसको सदस्यहरुमा अनिल थापा ,रामचन्द्र ढकाल, महेश ढकाल विकास ढकाल, वीरेन्द्र ढकाल, रमेश ढकाल, डिलबहादुर ढकाल र प्रकाश जिसी रहेका छन् । बुधबार सराङकोटमा भएको कार्यक्रममा नयाँ शक्ति युवा अभियानका अभियान्ता देब क्षेत्रीले युवाहरु अब निर्वाचनको समयमा प्रयोग मात्र नभएर निति निर्माण गर्ने तहमा पुग्नुपर्ने बताएका थिए । कार्यक्रममा प्रमुख अतिथिका रुपमा नयाँ शक्ति निर्माण अभियान कास्कीका अभियान्ता रिम बस्यालले नयाँ शक्ति निर्माण अभियान भनेको राष्ट्र निर्माण अभियान भएको हुँदा उक्त अभियानमा लामबद्ध हुन सबैसँग आग्रह गरेका थिए ।

सौजन्य कृषि बजार प्रा.लि.द्वारा आयोजित
सौजन्य कृषि व्यापार मेला-२०७२
(पौष ८ गतेदेखि १२ गतेसम्म)
(पोखरा-९, पृथ्वीचोक, होटल बिस्पतिको पछाडि)
स्थानीय उत्पादन स्थानीय बजार
सबैले लगाउनुहोस्, सौजन्यमा नजर
मेलाका आकर्षणहरु
१. कृषिजन्य उत्पादनको प्रदर्शनी तथा बिक्री, वितरण
२. सबै प्रकारका लत्ताकपडाको प्रदर्शनी तथा बिक्री, वितरण
३. राष्ट्रियस्तरका ख्याती प्राप्त कलाकारहरुको दैनिक प्रस्तुति
४. राष्ट्रियस्तरका ख्याती प्राप्त कलाकारहरुको हास्य प्रस्तुति
५. राष्ट्रियस्तरका लोक गायक-गायिकाद्वारा दैनिक लोकदोहोरी कार्यक्रम
६. स्थानीयस्तरका लोक गायक-गायिकाद्वारा दैनिक लोकदोहोरी कार्यक्रम
७. ख्याती प्राप्त कलाकारद्वारा बेजोड नृत्य प्रदर्शनी
८. पोखरेली धुमुस (राजेन्द्र नेपाली) र पोखरेली माग्ने बुढा (कुवराज भण्डारी) को हास्य प्रस्तुति, दीपक थापाको कमेडी नृत्य
९. स्थानीय ख्याती प्राप्त कलाकारद्वारा बेजोड नृत्य प्रदर्शनी
स्टलहरु धमाधम बिक्री भइरहेछ ।
कलाकारहरु
प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, कृष्ण ढकाल, योलेन्द्र पौडेल, कृष्णा गुरुङ, [illegible], कृष्णा [illegible], शिवहरि [illegible], राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान स्याङ्जा/कास्कीका ख्याती प्राप्त कलाकारहरु
अतिथि कलाकारहरु
बद्री पंगेनी, पशुपति शर्मा, राधिका हमाल, शिव हमाल, सावित्री जोशी
प्रवेश नि:शुल्क
हरेक सामानको खरिदमा आकर्षक उपहार
हामी यहाँ छौं
सम्पर्क
अमर के.सी. : ९८५६०२१२८४
कृष्ण गिरी : ९८५६०२८६१९
सन्तोष आचार्य : ९८५६०२०३४४
बिमल खड्का : ९८४६०३५५३७
विकास बलाकोटी : ९८१४१८८८०१

STUDY IN POLAND
- No IELTS Required
- No Problem with age gap (not more than 3 years)
- Affordable tution fees
- High Visa Success Rate
NEXT INTAKE FEB-MARCH
PACIFIC Education & Visa Services
www.picconsulting.com.au
info@picconsulting.com.au
Like us on f
www.facebook.com/picconsulting
+ Free Career Counselling
+ Visa Preparation Classes
+ Languages Classes
Abroad Studies: Australia, USA, UK, India, Europe and many more
Test Preparation: IELTS, TOEFL, PTE and many more
Courses Offered: Nursing, Medical, Para-Medical, Engineering, IT, Management, Hotel Management & many more.
POKHARA Chipledhunga (Opp. to Pokhara Trade Mall) Tel. No. 061-620400 Mobile No. 9846038875 Email : pacificedupkr@gmail.com

सुन्दर हेयर एण्ड ब्युटी
हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension गर्नुका साथै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । साथै मेनी क्येर, पेडी क्येर पनि गरिन्छ । प्रत्येक सुविधामा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।

सम्पर्क: ९८४६८५९३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

Study in Japan
Intake for January & April-2016
City of your choice
Tokyo | Chiba | Nagoya | Fukuoka | Sendai | Osaka | Okinawa | Gunma ken & many more ...
& China
Dalian | Nantong
Free Processing for Master, Bachelor & +2 First Divison Students*
1. SLC मा उत्तिर्णले apply गर्न सकिने
2. Part Time Job ग्यारेन्टी
3. Work Visa मा Change गर्न मिल्ने
4. विश्वविद्यालय जान सकिने
5. NAT & JLPT Not required
6. IT Job-Guaranteed Course for IT bachelor Students
Contact: WE MAKE YOUR FUTURE BRIGHT
MIRAI INTERNATIONAL EDUCATIONAL CONSULTANCY
Mahendrapool, Bastholathar (Medicalline), Pokhara
061-520113, 9856046980, 9846646980
miraiinternational.edu.cons@gmail.com

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित **गोल्डेन न्यूज राष्ट्रिय दैनिक**का लागि अध्यक्ष/प्रधान सम्पादक **गंगाधर पराजुली**, निर्देशक **हरिमणि बराल**, संस्थापक सम्पादक **रीता गुरुङ**
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण **गोल्डेन अफसेट प्रेस**, चिप्लेढुंगा, पोखरा